
annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५१ पृष्ठ १० | काठमाडौं, बिहीबार ५ असार २०८२ | आषाढ कृष्णपक्ष अष्टमी नेपाल संवत् ११४५ | THURSDAY, JUNE 19, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# केन्द्र सरकारको पैसा थुप्रिँदै प्रदेश र स्थानीय तहमा


## अर्थतन्त्रकै चक्र कमजोर

स्थानीय तहको जहिल्यै गुनासो हुन्छ- 'केन्द्र सरकारले समानीकरणको निर्धारित रकम दिएन । त्यसैकारण विकास निर्माणमा अप्ठ्यारो भयो ।' तर, केन्द्र सरकारले पठाएको यस्तो रकम पनि खर्च गर्न नसकेर स्थानीय र प्रदेश सरकारमा थुप्रिने गरेको छ । जसका कारण, केन्द्र सरकारको सञ्चित कोष घाटा (ऋणात्मक) हुने तथा प्रदेश र स्थानीय तहका सञ्चित कोष फाइदा (धनात्मक) हुने प्रवृत्ति मौलाएको छ । यसले अर्थतन्त्रकै चक्र (इकोनोमी साइकल) कमजोर बन्दै गएको विज्ञहरू बताउँछन् ।

**ममता थापा** | *काठमाडौं*

**- को रिपोर्ट**

समाचार पृष्ठ २




## चीनले भन्यो, 'बाढी आउन सक्छ सतर्क रहनु'

**सुन्दर शिरीष** | *सिन्धुपाल्चोक*

भोटेकोशी नदी भई बग्ने तिब्बत क्षेत्रमा अत्यधिक वर्षा हुन सक्ने भन्दै सुरक्षित रहन चीनले सिन्धुपाल्चोक प्रशासनलाई सर्तक गराएको छ। असार ७ गतेसम्म अत्यधिक वर्षा हुने र बाढी आउन सक्ने सम्भावना रहेको भन्दै चिनियाँ प्रहरीले सिन्धुपाल्चोक जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिएको हो। भोटेकोशी नदी भई बग्ने तिब्बत क्षेत्रमा अत्यधिक वर्षा हुन सक्ने आकलन गरिएको छ।

चिनियाँ प्रहरीले जानकारी गराएपछि प्रशासन कार्यालयले त्यस क्षेत्रमा बस्ने स्थानीयलाई सतर्कता अपनाउन आग्रह गरेको छ। जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले बुधबार सूचना जारी गर्दै भोटेकोशी गाउँपालिका, बाह्रबिसे नगरपालिका, त्रिपुरासुन्दरी गाउँपालिका, सुनकोशी गाउँपालिका, बलेफी गाउँपालिका र चौतारा साँगाचोकगढी नगरपालिकाका नदी किनारका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी गणेश नेपालीद्वारा जारी सूचनामा भनिएको छ, 'असार ३ गतेदेखि ७ गतेसम्म छिमेकी राष्ट्र चीनको भोटेकोशी नदी भई बग्ने तिब्बत क्षेत्रमा अत्यधिक वर्षा हुन सक्ने सम्भावना रहेको भनी चीनको प्रहरी कार्यालयबाट सूचना प्राप्त भएकाले भोटेकोशी र सुनकोशी नदी आसपास क्षेत्रमा जोखिम हुन सक्ने भएकाले नदी आसपास क्षेत्रमा बसोबास गर्नेहरूमा सतर्कता अपनाउन अनुरोध छ।'

प्रशासनले स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवालाहरूसँग समन्वय गरेर नदी किनार तथा जोखिमयुक्त स्थानमा रहेका नागरिकलाई सचेत गराउन निर्देशनसमेत दिएको छ। नदीमा आकस्मिक बाढी आउने सम्भावना रहेकाले सतर्कता अपनाउन र आवश्यक अवस्थामा सुरक्षित स्थानमा जान प्रशासनले सुझाव दिएको छ।ooo

**सीमा क्षेत्र लिपिङमा गयो पहिरो, ३ घरमा क्षति**

लगातारको अविरल वर्षासँगै भोटेकोशी गाउँपालिका-२ अन्तर्गत पर्ने लिपिङ बजारमा पहाडबाट खसेको ढुंगाले तीन घरमा क्षति पुऱ्याएको छ। पहिरोका कारण स्थानीय पदम श्रेष्ठको दुई तले पक्की घरको एक सटर र अगाडि रहेको प्यासेज भाग आंशिक रूपमा क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ।

» बाँकी पृष्ठ ६

# भारतलाई अमेरिकी मध्यस्थता अस्विकार्य

**अन्नपूर्ण** | *काठमाडौं*

काठमाडौं (अन्नपूर्ण) : भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानको विषयमा भारतले अमेरिकी मध्यस्थता नस्वीकार्ने बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग बुधबार भएको टेलिफोन वार्तामा मोदीले भारतले मध्यस्थता नस्वीकार्ने र कहिल्यै पनि स्वीकार नगर्ने दृढतापूर्वक बताएको भारतीय विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। यस विषयमा भारतमा पूर्ण राजनीतिक सहमति रहेको पनि प्रधानमन्त्री मोदीको भनाइ छ।

प्रधानमन्त्री मोदी र राष्ट्रपति ट्रम्पबीच जी-७ शिखर सम्मेलनको साइडलाइनमा भेट्ने कार्यक्रम थियो। तर, राष्ट्रपति ट्रम्प चाँडै अमेरिका फर्कनुपरेका कारणले उक्त भेटघाट हुन सकेन। त्यसपछि राष्ट्रपति ट्रम्पको अनुरोधमा दुवै नेताहरूले बुधबार टेलिफोनमा कुराकानी गरे। कुराकानी करिब ३५ मिनेटसम्म चलेको थियो।

गत अप्रिल २२ मा पहलगाममा भएको आतंकवादी हमलापछि राष्ट्रपति ट्रम्पले प्रधानमन्त्री मोदीलाई फोन गरेर समवेदना व्यक्त गरेका थिए।



साथै उनले आतंकवाद विरुद्धको लडाइँमा आफ्नो समर्थन रहेको पनि जनाएका थिए। त्यसयता दुई नेताबीच भएको यो पहिलो कुराकानी हो।

कुराकानीको क्रममा प्रधानमन्त्री मोदीले राष्ट्रपति ट्रम्पसँग अपरेसन सिन्दूरका बारेमा पनि विस्तृत जानकारी गराए। प्रधानमन्त्री मोदीले राष्ट्रपति ट्रम्पलाई अप्रिल २२ पछि भारतले आतंकवादविरुद्ध कारबाही गर्ने आफ्नो दृढ संकल्पबारे पूरै विश्वलाई जानकारी दिएको पनि स्पष्ट पारे।

प्रधानमन्त्री मोदीले मे ६-७ तारिखको रातमा भारतले पाकिस्तान र पाकिस्तान अधिनस्थ



कश्मीरमा रहेका आतंकवादी शिविर र उनीहरू लुक्ने ठाउँहरूलाई मात्र निशाना बनाएको बताए। 'भारतको प्रतिक्रिया सन्तुलित, सटिक र गैरउत्तेजक थियो। भारतले पाकिस्तानबाट हुने कुनै पनि आक्रमणको कडा प्रतिक्रिया दिइने भनेरसमेत स्पष्ट पारेको थियो', उनले भने।

उपराष्ट्रपति भान्सले मे ९ मा प्रधानमन्त्री मोदीलाई फोन गरेर पाकिस्तानले भारतमाथि ठूलो आक्रमण गर्न सक्ने जानकारी गराएका थिए। यस्तो कारबाही भएको खण्डमा भारतले त्यसको थप कडा जवाफ दिने कुरा प्रधानमन्त्री मोदीले उनलाई स्पष्ट शब्दमा भनेका थिए।

प्रधानमन्त्री मोदीले राष्ट्रपति ट्रम्पलाई यस सम्पूर्ण घटनाक्रमको कुनै पनि बिन्दुमा भारत-अमेरिका व्यापार सम्झौता वा भारत र पाकिस्तानबीच अमेरिकाले मध्यस्थता गर्ने कुनै प्रस्तावबारे कुनै पनि स्तरमा छलफल नभएको स्पष्ट पारे। 'सैन्य कारबाही रोक्ने छलफल भारत र पाकिस्तानका दुई सशस्त्र बलहरूबीचको विद्यमान सञ्चार माध्यमबाट प्रत्यक्ष रूपमा भएको थियो र यो पाकिस्तानको अनुरोधमा सुरु गरिएको थियो', मोदीले भने।

राष्ट्रपति ट्रम्पले प्रधानमन्त्री मोदीका कुरालाई ध्यानपूर्वक सुने र आतंकवादविरुद्ध भारतको लडाइँमा आफ्नो समर्थन व्यक्त गरे। प्रधानमन्त्री मोदीले भारतले अब आतंकवादलाई परोक्ष युद्धको रूपमा नभई युद्धको रूपमा नै हेर्ने र भारतको अपरेसन सिन्दूर अझै जारी रहेको पनि बताए।

राष्ट्रपति ट्रम्पले प्रधानमन्त्री मोदीलाई क्यानडाबाट फर्कने क्रममा अमेरिका आउने प्रस्ताव पनि राखेका थिए। पहिले गरिएका प्रतिबद्धताका कारण प्रधानमन्त्री मोदीले त्यसो गर्न असमर्थ भएको जनाए।

» बाँकी पृष्ठ ६

## कांग्रेस-एमाले बैठकमा संसद्को गतिरोध हटाउने विषयमा छलफल

**काठमाडौं** (अन्नपूर्ण) : सत्तासीन कांग्रेस र एमालेबीच संसद् गतिरोध हटाउने विषयमा बुधबार छलफल भएको छ। भिजिट भिसा प्रकरणले प्रभावित बनिरहेको संसद्लाई प्रभावकारी बनाउन शीर्ष नेताहरूबीच छलफल भएको हो। बैठकमा बजेट, सदन सञ्चालन र विभिन्न विधेयकका विषयमा छलफल भएको नेताहरूले बताए।

लगातार संसद् अवरुद्ध हुँदा बजेटमाथिको छलफल प्रभावित हुनुको साथै अति आवश्यक विधेयकहरू पनि अगाडि बढ्न सकेका छैनन्। 'समग्रमा सरकारको काम कारबाही र डेलिभरी दिने विषयमा छलफल भयो। संसद्को गतिरोध हटाउने विषयमा पनि छलफल भएको छ,' सहभागी एक नेताले भने। बैठकमा प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगनकुमार थापा, गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री आरजु राणा देउवा सहभागी थिए। उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल छलफलमा सहभागी थिए।

# ३ वर्षको आर्थिक वृद्धिदर ७.१ प्रतिशत

**सुनिता कार्की** | *काठमाडौं*

राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०८२/८३ देखि २०८४/८५ सम्म लागू हुने मध्यमकालीन खर्च संरचना सार्वजनिक गरेको छ। संरचनाले तीन वर्षभित्र संघीय सरकारले खर्च गर्ने योजना, प्राथमिकताका आयोजनाहरू, स्रोत व्यवस्थापन र बजेटको विनियोजन प्रक्रिया स्पष्ट पारेको छ। यसले 'सोह्रौं योजना' तथा दिगो विकास लक्ष्यसँग समन्वय हुने सार्वजनिक खर्च प्रणालीको आधार तयार गरेको छ।

आगामी तीन आर्थिक वर्षको औसत आर्थिक वृद्धिदर ७.१ प्रतिशत रहने अनुमान गरिएको छ। कार्यक्रमले आर्थिक वर्ष २०८२/८३ देखि २०८४/८५ मा मुलुकको औसत आर्थिक विकास ७.१ प्रतिशत रहने अनुमान गरिएको हो। प्रतिवेदनले चालु आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत र उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत रहने प्रारम्भिक अनुमान गरेको छ। यस वर्ष अर्थतन्त्रका सबै क्षेत्रहरूको वृद्धिदर सकारात्मक रहने प्रतिवेदनमा भनिएको छ।

गत आर्थिक वर्ष २०८०/८१ मा ऋणात्मक रहेका उत्पादनमूलक उद्योग र निर्माण क्षेत्रमा चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिदेखि उत्साहजनक वृद्धि देखिएको भनिएको छ। चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ६१ खर्ब ७ अर्ब पुगेको छ। आर्थिक वर्ष २०६७/६८




मा १५ खर्ब ५९ अर्ब रहेको जीडीपी १५ वर्षमा पाँच गुणाले बढेको आयोगले भनेको छ।

यो अवधीमा जीडीपीको वार्षिक वृद्धिदर सबैभन्दा धेरै आव २०७३/७४ मा ८.९८ प्रतिशत र सबैभन्दा कम आव २०७६/७७ मा २.३७ प्रतिशतमा सीमित भई औसत ४.३० प्रतिशत रहेको थियो। विगत १५ वर्षमा नेपालीको प्रतिव्यक्ति आय ८१८ अमेरिकी डलरबाट बढेर १५१७ अमेरिकी डलर पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचनामा समेत उल्लेख्य परिवर्तन आएको छ। प्राथमिक क्षेत्रको हिस्सा एकतिहाइबाट घटेर एक चौथाइको हाराहारी कायम भएको छ। द्वितीय क्षेत्रको हिस्सा पनि क्रमिक रूपमा घटेर पछिल्लो समय जीडीपीको १२.४ प्रतिशत कायम भएको छ। यस्तै, सेवा क्षेत्रको अंश विस्तार हुँदै गएर ६२ प्रतिशत पुगेको छ। पछिल्लो समय आर्थिक वृद्धिमा विद्युत् तथा ग्यास, निर्माण, आवास तथा भोजन सेवा, थोक तथा खुद्रा व्यापार, सार्वजनिक प्रशासन तथा रक्षा जस्ता क्षेत्रहरूको योगदान उल्लेख्य रहेको छ।

आयोजनाको पुन:प्राथमिकीकरण, आय-व्ययको अनुशासनमा खर्च दक्षता, पारदर्शिता, र बजेट कार्यान्वयन क्षमतामा आधारित साधनको पुन: विनियोजन गरी समग्र सार्वजनिक वित्त प्रणालीमा अनुशासन ल्याउने प्रयास गरिएको आयोगले भनेको छ।

आयोगले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, वातावरण, सहरी विकास, पूर्वाधार निर्माण, ऊर्जा र यातायातलगायत ८ क्षेत्रका परियोजनाहरूमा पुन: मूल्यांकन र प्राथमिकीकरण गरिएको छ। रुग्ण, अलपत्र र दोहोरिएको आयोजनामा बजेट कटौती, प्रतिस्पर्धी र समयमै कार्यान्वयन हुने आयोजना मात्रलाई प्राथमिक बजेट दिइने भनिएको छ। आयोजना बैंकमा भएका आयोजना मात्र आगामी बजेट र खर्च संरचनामा समावेश गरिने नीति लिइएको आयोगले लिएको छ।

### मध्यमकालीन खर्च संरचनामा गरिएका प्रमुख सुधार:

**सार्वजनिक वित्त व्यवस्थापन सुधारको औजारको अवलम्बन:**

मध्यमकालीन खर्च संरचनामा कार्यक्रम वा आयोजनाको पुन: प्राथमिकीकरण तथा विनियोजन पक्षको विश्लेषण गरिएको छ। मध्यमकालीन खर्च संरचनालाई सार्वजनिक वित्त व्यवस्थापन सुधार गर्ने औजारको रूपमा लिइन्छ। स्रोत परिचालनको कमजोर अवस्था, स्रोत वा बजेट माथिको उच्च चाप, क्रमागत आयोजनाको अत्यधिक संख्या, आयोजनाको लागत तथा समयावधि निर्धारण गरिए भन्दा बढ्ने गरेको स्थिति र अधुरा तथा अपुरा आयोजनाको संख्या उल्लेख्य रहेको छ। सोअनुसार आयोजना वा अध्ययन विश्लेषण र बजेट विनियोजन/अनुमान गर्नुपर्ने देखिन्छ।

यसका लागि मध्यमकालीन खर्च संरचनाको तीनवटा खाकामध्ये मध्यमकालीन बजेट खाकामा केन्द्रित हुनुपर्ने देखिन्छ। पहिचान, विकास र पूर्वतयारीको कार्य सम्पन्न भएका निश्चित थ्रेसहोल्डभन्दा धेरै लागत अनुमान गरिएका ठूला आयोजनालाई राष्ट्रिय आयोजना बैंकमा अनिवार्य रूपमा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ। यसरी प्रविष्ट भएका आयोजनाको कार्यान्वयनमा सहजता र शीघ्रता आउने अपेक्षा गरिएको छ। आयोजना बैंकमा प्रविष्ट भएका आयोजनालाई प्राथमिकताको आधारमा मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयनमा लैजाने तवरले तयारी गरिएको छ।

**आवधिक योजना र बजेटबीचको अन्तरआबद्धता विकास/सुदृढीकरण:**

योजना र वार्षिक बजेटबीच तदम्यता कायम हुने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। सोह्रौं योजनाको रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयनका लागि बजेटमा समावेश हुने कार्यक्रम तथा आवधिक योजनासँग अन्तरआबद्ध हुने गरी पहिचान, विकास तथा प्राथमिकीकरण गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

» बाँकी पृष्ठ ६